आज मिति २०७२ साउन २९ गते शुक्रबार बिहानको ७:०० बजे कार्यकारी अधिकृत श्री उद्धबप्रसाद रिजालको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्य संचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां  भवन व्यासीमा निम्न उपस्थितिमा बसि निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. कार्यकारी अधिकृत  उद्धबप्रसाद रिजाल अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. आ.ई. रामगोविन्द श्रेष्ठ

३. आ.ई. दिलभक्त जयना

४. का.अ. गणेशलाल फोजू

५. जि.अ. रेभिड कुस्मा

६. क.अ. प्रभासकुमार चालिसे

७. पु.अ. भुपाल मूल

८. इ. ओमहरि था

९. शा.अ. अम्बिका धौभडेल

१०. शा.अ. रत्नमाया बाला श्रेष्ठ

११. शा.अ. दिलिपकुमार सुवाल

१२. इ.हरिबहादुर सुवाल

१३. शा.अ. दामोदर सुवाल

१४. आलेप विनोद आगन्जा

१५. प्रे.अ. काशिलाल प्रजापति

**विषयहरु :–**

१. भूकम्पबाट मृत्यु भएका मृतकका परिवारलाई गाईजात्रा पर्व चलाउन रु.१० हजार आर्थिक सहयोग गर्ने बारे ।

२. तहा फल्चामा रहेको सामान भूकम्पबाट हराएको बारे ।

३. आ.व. २०७२/०७३ को खरिद योजना पारित गर्नेबारे ।

४. विभिन्न प्रतिवेदनहरु पारित गर्ने बारे ।

५. अन्तिम लेखा परीक्षण प्रतिवेदन पारित गर्ने बारे ।

६. भूकम्पछि पुनः निर्माणको लागि ड्इङ्ग, डिजनइज गराउने बारे ।

७. सवारी साधन मर्मत संभारको लागि प्राविधिक सहितको समिति गठन गर्ने बारे ।

८. नक्सा उपशाखाको स्टक्चर इन्जिनियर करार सेवामा पदपूर्ति गर्ने बारे ।

९. म्याद थप बारे । कर्मचारी, करार सेवा, सफाई सम्झौता बारे ।

१०. भौतिक सम्पत्तिको मूल्यांकन तथा जिन्सी निरीक्षण बारे ।

**निर्णयहरु :–**

१. मिति २०७२ बैशाख १२ र २९ गते गएको विनासकारी महा भूकम्पबाट मृत्यु भएका मृतकका परिवारलाई गाईजात्रा पर्व चलाउन रु. १० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२. मिति २०७२ बैशाख १२, १३ र २९ गते आएको विनाशकारी भूकम्पबाट भक्तपुर नगरपालिकाको सामान स्टोर गरी राखेको लामो पाद्दी भत्किएको र त्यसपछि पटक पटक आएको पराकम्पनबाट समेत पाटी भत्किएकोले पाटीमा स्टोर गरी राखेको निम्न लिखित सामानहरु हराएको, नष्ट भएको र कामै नलाग्ने गरी विग्रेको भनी स्टोर शाखाबाट पेश भएको टिप्पणी माथि छलफल हुंदा देहाए अनुसारका व्यक्तिहरुलाई प्रतिवेदन पेश गर्न जिम्मा दिने निर्णय गरियो ।

**तपसिल**

१. गौता प्रसाद लासिवा
२. गणेशलाल फोजू
३. दिलिप कुमार सुवाल
४. विनोद आगन्जा
५. राम सुन्दर सुजखु

३. भक्तपुर नगरपालिकाको २७ औं नगर परिषदमा प्रस्तुत भएको आ.व. २०७१/२०७२ मा खरिद गर्नुपर्ने मालसामान तथा निर्माण सामाग्री सेवा तथा वस्तुको कुल रकममा संशोधन गरी रु.५९,१८,१४२।२० को संशोधित माल सामान तथा निर्माण सेवाको मिति २०७२।४।२८ गतेको बोर्ड बैठकको निर्णय अनुसार रु.१,१८,१७,१४९।७५ संशोधित खरिद योजना स्वीकृत गरियो ।

४. यस न.पा. मा प्राप्त भएका विभिन्न प्रतिवेदनहरु पेश भई छलफल हुंदा सो प्रतिवेदनहरु पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

५. यस न.पा.को आ.व. २०६९/०७० को अन्तिम लेखा परीक्षण गर्न नियुक्ति भएका लेखा परीक्षक श्री एम. तिवारी एण्ड एशोसियटबाट यस न.पा.को अन्तिम लेखा परीक्षण गरी पेश भएको प्रतिवेदनमा छलफल हुंदा उक्त लेखा परीक्षण प्रतिवेदनमा दिएका टिप्पणी तथा सुझावहरुलाई बुंदागत रुपमा छलफल गरी कार्यान्वयन गर्न भ.न.पा.बोर्ड बैठकलाई निर्देशन दिने निर्णय गरियो ।

६. भूकम्पबाट क्षति भएका सम्पदाहरु, न.पा. भवन लगायतका भवनहरु पुनः निर्माण तत्काल गर्नको लागि हाललाई देहाएका सम्पदा र भवनहरुको ड्रइङ्ग डिजाइन इष्टमेट गर्न सम्पदा उपशाखालाई गरियो ।

७. यस न.पा.मा रहेका मेशिनरी औजार तथा सवारी साधनहरु समय समयमा मर्मत संभार गर्नुपर्ने भएकोले मेशिनरी औजार र सवारी साधन मर्मत संभार गर्नको लागि सिफारिस गर्नको लागि सिफारिस गर्न देहाए बमोजिमको समिति गठन गर्ने निर्णय गरियो :

१. गौत्तम प्रसाद लासिवा

२. ई. ओमहरि था

३. ई. हरिबहादुर सुवाल

४. ले.पा. राम सुन्दर सुजखु

५. ड्रा. कृष्ण बहादुर कोजु

६. ड्रा.राजेन्द्र कोजु

७.

८. मिति २०७२ बैशाख १२ गतेको गएको विनासकारी भूकम्पबाट धनजनको अतुलनीय एवं अपुरणीय क्षति भई भौतिक संरचनाहरुको पुनः निर्माण सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले राष्ट्रिय भवन संहिता २०६० तथा भवन सम्बन्धी परिमार्जित मापदण्डहरुलाई शहरी विकास मन्त्रालयको सहयोगमा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२ जारी गरेको छ । उक्त मार्ग निर्देशनका बुंदा नं. ३.२ अनुसार बस्ती विकास तथा भवन संहिताको कार्यान्वयन र नक्सा पासको प्राविधिक कार्यको निमित्त देहाए अनुसार प्राविधिक जनशक्ति सेवा करारमा लिन सूचना प्रकाशित गर्ने निर्णय गरियो :

<u>तपसिल</u>

१. स्टकचरल इन्जिनियर - भवन विषयमा स्नाकोत्तर उत्तीर्ण

२. अर्वान प्लानर - भवन विषयमा स्नाकोत्तर उत्तीर्ण

३. अमिन - सम्बन्धित विषयमा प्रमाण पत्र तह उत्तीर्ण

९. म्याद थपबारे छलफल हुंदा यस न.पा.को कार्यरत अस्थायी, मा.ज्या, दै.ज्या, सेवा करार, प्राविधिक सल्लाहकार, सम्पादक, सह सम्पादक, वितरक, सफाई सम्झौता आदिमा कार्यरत कर्मचारीहरुलाई २०७२ आवण १ गतेदेखि २०७३ असार मसान्तसम्मको लागि पछि परिषदबाट अनुमोदन गरी म्याद थप गर्ने निर्णय गरियो ।

१०. आर्थिक प्रशासन नियमावलीको परिच्छेद १० को उपनियम २१२ बमोजिम जिन्सी व्यवस्थापन गरी नियम २१४ को उपनियम (१) बमोजिम जिन्सी निरीक्षण गराई उपनियम २,३ र ४ बमोजिम प्राप्त प्रतिवेदन अनुसार गर्नुको साथै आर्थिक प्रशासन नियमावलीको नियम १९ को उपनियम १(३) बमोजिम नगरपालिकाको लेखा प्रौद्भावी लेखा प्रणाली अनुसार गर्नको लागि नगरपालिकाको सबै सम्पत्तिको मूल्यांकन गरी सम्पत्ति र दायित्व खुलेको शुरु मौज्दात तयार गर्नको लागि नगरपालिकाको सबै सम्पत्तिको मूल्यांकन गरी सम्पत्ति र दायित्व खुलेको शुरु मौज्दात तयार गर्नको लागि देहाए अनुसार मूल्यांकन तथा जिन्सी निरीक्षण समिति गठन गर्ने । उक्त समितिले अर्को व्यवस्था नभएसम्म हरेक वर्षको श्रावण महिनामा जिन्सी निरीक्षण र कोडिङ्ग सहित सम्पत्तिको मूल्यांकन गरी प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो :

तपसिल

१. का.अ. गणेशलाल फोजु

२. शा.अ. अम्बिका धौभडेल

३. ई. हरिबहादुर सुवाल

४. व.नि. रामेश्वर कोजु

५. ले.पा. राम सुन्दर सुजखु